श्री

उच्च अदालत पाटन

एक न्यायाधीशको इजलास

इजलास नं.१

माननीय न्यायाधीश श्री सूर्यप्रसाद पराजुली

**आदेश**

रिट नं.०८२-WO-०५७०

विषय : उत्प्रेषण परमादेश।

रिलायन्स स्पिनिङ मिल्स लि.....................................................................१ निवेदक

विरुद्ध

नेपाल विद्युत प्राधिकरण समेत...................................................................१ विपक्षी

प्रस्तुत निवेदनसहितको मिसिल अध्ययन गरी निवेदकतर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री सतिश कृष्ण खरेल र श्री हरिश्चन्द्र सुवेदी, विद्वान अधिवक्ताहरु श्री सुदृढ कुमार जोशी, श्री नारायण चौलागाईं र श्री आश्था पौडेलले गर्नुभएको बहस सुनियो। साथै, विपक्षी नेपाल विद्युत प्राधिकरणकोतर्फबाट सहभागी भई उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री शरद प्रसाद कोइराला, विद्वान अधिवक्ताहरु श्री राजकुमार पोखरेल, श्री रमेशकुमार घिमिरे, श्री बेलप्रसाद शर्मा र श्री नरेश मैनालीले गर्नुभएको बहस समेत सुनियो।

यसमा के कसो भएको हो ? रिट निवेदकको निवेदन मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए, सोसमेत साथै राखी सूचना म्याद पाएको मितिले बाटाका म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षी नं.१ र २ को हकमा उच्च सरकारी वकील कार्यालय, पाटनमार्फत तथा बाँकी विपक्षीहरुको हकमा आफैं वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपिसहित विपक्षीका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु।

साथै, निवेदकले विपक्षी नेपाल विद्युत प्राधिकरणको मिति २०८२।०६।१० को निर्णय, मिति २०८२।०६।१२ र २०८२।०६।१३ का सूचना तथा निवेदक कम्पनीलाई रकम बुझाउन माग गर्दै जारी गरिएको पत्र समेत कार्यान्वयन नगर्नु नगराउनु, यथास्थितिमा राख्नु तथा प्रशासकीय पुनरावलोकन सम्बन्धी कार्य अगाडि बढाउनु भन्ने समेतका विभिन्न विषयमा अन्तरिम आदेश माग गरेको देखिएको सन्दर्भमा अन्य विपक्षीहरुसमेतसँग छलफल गरी अन्तरिम आदेशको विषयमा निर्णय गर्नु उपयुक्त हुने देखिएको हुँदा सो प्रयोजनका लागि मिति २०८२।०७।१९ (बुधवार) को पेशी तोकी नियमानुसार पेश गर्नु।

न्यायाधीश

इति संवत् २०८२ साल कार्तिक ११ गते रोज ३ शुभम्........................................................।